लुम्बिनी प्रदेश सरकार

# अर्थ मन्त्रालय

राप्ती उपत्यका ,(देउखुरी)नेपाल

०८२-५९०४३७, ०८२-५९०४३८

पत्र संख्याः- २०८०/८१

चलानी नं.:-

मितिः- २०८०/१२/२६

**अति जरुरी**

## सूचना

प्रस्तुत विषयमा प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ वमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव सहितको विवरण यसैसाथ संलग्न शर्तहरुको अधिनमा रहि मन्त्रालयको ईमेल moeap5.anudan@gmail.com र moeap5.temp@gmail.comमा कार्यविधिले तोकेको समयभित्र पठाउनहुन लुम्विनी प्रदेशका सवै स्थानीय तहको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

राम वहादुर के सी

सचिव

सचिव

सम्पर्क व्यक्तिः- विकल्प चौधरी (९८४७९०२८९३)



Scanned with CamScanner

प्रदेश सरकार
अर्थ मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# समपूरक अनुदान प्रस्ताव सम्बन्धी शर्तहरु

सचिव

१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ ।

| क्र.सं. | मुलभूत क्षेत्रहरु | प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधिको व्यवस्था |
|---|---|---|
| १ | पूर्वाधार क्षेत्र | क) सडक सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा सडक सुविधा पुर्याउनको लागि सञ्चालन गरिने सडक आयोजना,<br>ख) सिँचाईको सम्भाव्यता देखिएका क्षेत्रमा सिँचाई सुविधा उपलब्ध गराई उत्पादन वृद्धिमा सहयोग पुर्याउने प्रदेश तथा स्थानीय स्तरमा सञ्चालन गरिने सिँचाई सम्बन्धी विशेष आयोजना तथा कार्यक्रम,<br>ग) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा विद्युत सेवा सुविधा उपलब्ध गराउने विशेष आयोजना तथा कार्यक्रम,<br>घ) पुलपुलेसा नभएको कारणबाट आवागमनमा कठिनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पुर्याउनका लागि सञ्चालन गरिने सडक पुल सम्बन्धी आयोजना,<br>ङ) स्थानीय स्तरमा एकीकृत बस्ती विकासका लागि सञ्चालन गरिने जग्गा एकीकरण तथा जग्गा विकास सम्बन्धी आयोजना तथा कार्यक्रम, |
| २ | आर्थिक क्षेत्र | क) रोप-वे, केवलकार, पदमार्ग, पर्यटकीय प्रवर्द्धनजस्ता पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका आयोजना तथा कार्यक्रम, |
| ३ | कृषि,भुमिसुधार तथा वन क्षेत्र | क)वैकल्पिक उर्जा विकास, जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ख) कृषि तथा पशुपंक्षी विकास र मत्स्यपालन संग सम्बन्धित आयोजना तथा कार्यक्रमहरु |
| ४ | सामाजिक क्षेत्र | क)खानेपानी सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पुर्याउनका लागि सञ्चालन गरिने ग्रामीण तथा प्रादेशिक स्तरका खानेपानी आयोजना तथा कार्यक्रम,<br>ख) विपद व्यवस्थापन, विपद् प्रतिकार्य, प्रकोप न्यूनीकरण, पुनःनिर्माण तथा पुनर्स्थापना सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ग)उच्च शिक्षा शिक्षण संस्थान र विद्यालयको पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम<br>घ)स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल, स्वास्थ्य चौकी निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>ङ) सुरक्षित महिला गृह, अपाङ्ग पुनर्स्थापना केन्द्र, बाल संरक्षण गृह, ज्येष्ठ नागरिक आवास गृह मिलन केन्द्र लगायतका संरचनाको निर्माण र व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम,<br>च) फोहोरमैला व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम |

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
अर्थ मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सचिव

२. आयोजना तथा कार्यक्रमको रकमको सीमा र आयोजनाको कार्यान्वयनको अवधिः

- न्यूनतम एक करोडभन्दा बढी र अधिकतम दश करोडसम्म कुल लागत भएका आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुपर्नेछ ।
- प्रदेश सरकारबाट गाउँपालिकालाई अधिकतम रु. ७० लाख, नगरपालिकालाई अधिकतम रु. १ करोड ५ लाख र उपमहानगरपालिकालाई अधिकतम रु.१ करोड ४० लाखको सिमा उपलब्ध गराइनेछ,
- स्थानीय तहबाट समपूरक अनुदानका लागि कार्यान्वयन हुन आयोजना तथा कार्यक्रमको वार्षिक अनुमानित खर्चको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह र अन्य क्षेत्रले व्यहोर्नुपर्नेछ,
- समपूरक अनुदानका लागि प्रस्तावित आयोजना तथा कार्यक्रमको अवधि बढीमा ३ वर्षको हुनुपर्ने ।३ वर्ष आर्थिक वर्षमा सम्पन्न हुने आयोजना तथा कार्यक्रमको हकमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा प्रत्येक आर्थिक वर्षका लागि प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकम अनिवार्य रुपमा खुलाई प्रस्ताव गर्नुपर्नेछ ।

३. समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः

- आयोजना तथा कार्यक्रमको कुल लागत अनुमानको सारांश(summary of cost estimates),
- प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेट सुनिश्चितताको पत्र,
- आयोजनाको नक्सा, डिजाइन, स्पेशिफिकेशन सहितको विस्तृत विवरण,
- आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिविलिटी स्टडी) प्रतिवेदन तथा डि.पी.आर.,
- प्रचलित कानून बमोजिम आयोजना तथा कार्यक्रमको वातावरणीय अध्ययन प्रतिवेदन,
- प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८(प्रथम संशोधन सहित) को अनुसूची-२ बमोजिमको आयोजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना,
- स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको कार्यपालिकाको निर्णयको प्रतिलिपी,
- अघिल्ला आर्थिक वर्षमा ३ आर्थिक वर्षका लागि स्वीकृत आयोजना तथा कार्यक्रमको प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ (प्रथम संशोधन सहित) को अनुसूची ३ बमोजिमको चौमासिक प्रगति प्रतिवेदन।

४. समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा ध्यान दिनुपर्ने कुराहरुः-

- समपूरक अनुदान प्रस्ताव फारम भर्दा सोको आवश्यकता र औचित्य पुष्टि हुने गरी उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा दिगो रोजगारी सिर्जना हुनेगरी कानुनतः जिम्मेवार प्राप्त पदाधिकारीबाट निर्णय गरी पूर्व तयारी सम्पन्न भएका आयोजना/कार्यक्रम मात्र पेश गर्नु पर्नेछ।
- सम्पन्न नभएको वा क्रमागत समपूरक आयोजना प्रस्ताव नगरी नयाँ आयोजना प्रस्ताव गरिएको अवस्थामा अधुरो वा क्रमागत आयोजना आफ्नै आन्तरिक स्रोतबाट सम्पन्न गर्ने प्रतिवद्धता र सोको स्पष्ट आधार समेत पेश गर्नुपर्नेछ।

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
अर्थ मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सचिव

| क्र.सं. | शर्तहरु | फाइल संलग्न गर्ने |
|---|---|---|
| १. | गाउँपालिकाले अधिकतम ३ वटा, नगरपालिकाले अधिकतम ४ वटा र उपमहानगरपालिकाले अधिकतम ५ वटासम्म आयोजना तथा कार्यक्रमहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ र त्यस्ता आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण घट्दो क्रममा निर्धारण गर्नुपर्नेछ । | |
| २. | आयोजना तथा कार्यक्रम कुल लागत निर्धारित सीमाभित्र रहेको(न्यूनतम एक करोडभन्दा बढी र अधिकतम दश करोडसम्मका आयोजना तथा कार्यक्रमहरु) | कुल लागत अनुमान संलग्न गर्नुपर्ने |
| ३. | आयोजना तथा कार्यक्रम कार्यान्वयन अवधि बढीमा ३ वर्ष भएको | |
| ४. | आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र औचित्यता | |
| ५. | आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता भएको | |
| ६. | स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित रहेको | |
| ७. | जनताको आयस्तर तथा गरिबी निवारणमा योगदान पुर्याउने | |
| ८. | प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक कार्यक्रममा कम्तिमा ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेटको सुनिश्चितता पत्र | फाइल संलग्न गर्नुपर्ने |
| ९. | स्थानीय सीप, स्रोत र साधनको उपयोग हुने | |
| १०. | प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रसँग सम्बन्धित रहेको | |
| ११. | आयोजनाको नक्सा,डिजाईन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण भएको | फाइल संलग्न गर्नुपर्ने |
| १२. | आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण भएको | |
| १३. | आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन( फिजिबिलिटी स्टडी) प्रतिवेशन तथा डि.पी.आर. | फाइल संलग्न गर्नुपर्ने |
| १४. | प्रचलित कानुन बमोजिम आयोजना तथा कार्यक्रमको वातावरणीय अध्ययन प्रतिवेदन | फाइल संलग्न गर्नुपर्ने |
| १५. | नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण अनुदान, सशर्त, समपूरक र विशेष अनुदाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुसंग दोहोरो नपरेको । | |
| १६. | वातावरणमा प्रतिकूल असर नगर्ने प्रकृतिको र सडक निर्माण सम्बन्धी आयोजनाहरुमा भू-धरातलीय जोखिम न्यूनीकरण गर्ने प्रविधि अवलम्बन गरिएको हुनुपर्ने। | |
| १७. | अघिल्ला आर्थिक वर्षमा ३ वर्ष कार्यान्वयन अवधि भनी स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरुलाई अनिवार्य रुपमा पहिलो प्राथमिकतामा राखी आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्नुपर्नेछ । त्यस्ता आयोजना तथा कार्यक्रमको लागि प्रस्ताव पेश नभएमा स्वतः बजेट विनियोजन हुने छैन । | |
| १८. | स्थानीय तहको कार्यपालिकाले समपुरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी | फाइल संलग्न गर्नुपर्ने |
| १९. | कार्यविधिको दफा ३ मा उल्लेखित क्षेत्र अन्तर्गत प्रस्ताव गरेको हुनुपर्ने | |
| २०. | कार्यविधिको अनुसूची-१ को प्रमाणित प्रति | फाइल संलग्न गर्नुपर्ने |
| | | |

Scanned with CamScanner

# प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८
## (पहिलो संशोधन समेत एकीकृत गरिएको)

लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रदेश सरकारबाट स्वीकृत मितिः-२०७८/१२/२५

पहिलो संशोधन प्रदेश सरकारबाट स्वीकृत मितिः-२०७९/१२/०६

# प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८

**(पहिलो संशोधन समेत एकीकृत गरिएको)**

**प्रस्तावना:** प्रदेश सरकारद्वारा स्थानीय तहहरुलाई उपलब्ध गराईने समपूरक अनुदानका आयोजना तथा कार्यक्रमहरुको पहिचान, छनौट तथा कार्यान्वयनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,
प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ग) "समपूरक अनुदान" भन्नाले प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ बमोजिमको समपूरक अनुदान सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

३. **समपूरक अनुदान प्रदान गरिने क्षेत्रः** (१) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने विकास सम्बन्धी देहायका क्षेत्रका आयोजना तथा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः-

(क) सडक सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा सडक सुविधा पुऱ्याउनको लागि सञ्चालन गरिने सडक आयोजना,

(ख) सिंचाईको सम्भाव्यता देखिएका क्षेत्रमा सिंचाई सुविधा उपलब्ध गराई उत्पादन वृद्धिमा सहयोग पुऱ्याउने प्रदेश तथा स्थानीय स्तरमा सञ्चालन गरिने सिंचाई सम्बन्धी विशेष आयोजना,

(ग) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा विद्युत सेवा सुविधा उपलब्ध गराउने विशेष आयोजना तथा कार्यक्रम,

(घ) पूलपुलेसा नभएको कारणबाट आवागमनमा कठिनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पु¥याउनका लागि सञ्चालन गरिने सडक पूल सम्बन्धी आयोजना,

(ङ) खानेपानी सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पु¥याउनका लागि सञ्चालन गरिने ग्रामीण तथा प्रादेशिकस्तरका खानेपानी आयोजना तथा कार्यक्रम,

(च) रोप-वे, केबलकार, पदमार्ग, पर्यटकीय प्रवर्द्धनजस्ता पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका आयोजना तथा कार्यक्रम,

(छ) उच्च शिक्षा शिक्षण संस्थान र विद्यालयको पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ज) स्थानीयस्तरमा एकीकृत बस्ती विकासका लागि सञ्चालन गरिने जग्गा एकीकरण तथा जग्गा विकास सम्बन्धी आयोजना तथा कार्यक्रम,

(झ) फोहोरमैला व्यवस्थापन आयोजना तथा कार्यक्रम,

(ञ) विपद् व्यवस्थापन, विपद् प्रतिकार्य, प्रकोप न्यूनीकरण, पुनःनिर्माण तथा पुनर्स्थापना सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ट) वैकल्पिक उर्जा विकास, जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ठ) कृषि तथा पशुपंक्षी विकास र मत्स्यपालनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,

(ड) स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल, स्वास्थ्य चौकी निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ढ) सुरक्षित महिला गृह, अपाङ्ग पुनर्स्थापना केन्द्र, बाल संरक्षण गृह, ज्येष्ठ नागरिक आवास गृह वा मिलन केन्द्र लगायतका संरचनाको निर्माण र व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ण) उपरोक्त खण्डहरुमा उल्लिखित विषय तथा क्षेत्रहरु बाहेक कुनै विषयमा नवीनतम प्रवर्द्धन र सिर्जनात्मक विकासको सोच अनुसार सञ्चालन गरिने आयोजना तथा कार्यक्रम,

(त) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लिखित क्षेत्रका आयोजना तथा कार्यक्रम।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा त्यस्तो क्षेत्रको मानव विकास सूचकाङ्क, जनसङ्ख्या, भौगोलिक क्षेत्रफल,सन्तुलित विकास, पूर्वाधार विकासको अवस्था

लगायतका विषयलाई आधार लिई आयोजना तथा कार्यक्रमको छनौंट गरी प्राथमिकीकरण गर्नु पर्नेछ।

(३)स्थानीय तहले आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा बढीमा तीन वर्षभित्र सम्पन्न हुने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

४. **<u>समपूरक अनुदान प्रदान गरिने ढाँचाहरुः</u>**(१) स्थानीय तहले पूर्वाधार विकास सम्बन्धी आयोजना तथा कार्यक्रमको लागि अनुदान माग गर्दा दफा ३ मा उल्लेख भएका क्षेत्रमध्ये कुनै पनि क्षेत्रमा आयोजना माग गर्न सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार निजी क्षेत्र आकर्षित हुने विकास निर्माणका क्षेत्रहरुमा निजी क्षेत्र र स्थानीय तहहरुबीचको सहमति तथा साझेदारीमा आयोजना तथा कार्यक्रमको कुल लागतको केही अंश निजी क्षेत्र तथा केही अंश स्थानीय तहले व्यहोर्ने र नपुग अंश उपदफा (३) मा उल्लिखित क्षेत्रमा प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ।

(३) प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, अपेक्षित उपलब्धी, दिगोपना लगायतको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ र स्थानीय तहले आयोजनाको कुल लागत जुटाउन देहायका विभिन्न ढाँचामध्ये कुनै ढाँचा अपनाउन सक्नेछः-

(क) आयोजना तथा कार्यक्रमको कुल लागतको केही अंश स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने,

(ख) आयोजना तथा कार्यक्रमको कुल लागतको केही अंश निजी क्षेत्र,सहकारी, वित्तीय संस्था, व्यक्तिगत फर्म वा कम्पनी लगायतबाट व्यहोर्ने गरी केही अंश सम्बन्धित स्थानीय तह आफैले र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने,

(ग) आयोजना तथा कार्यक्रमको कुल लागतको केही अंश आयोजना वा कार्यक्रमबाट लाभान्वित पक्षबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने,

(घ) आयोजना तथा कार्यक्रमको कुल लागतको केही अंश जन सहभागिताबाट व्यहोर्ने, केही अंश विभिन्न व्यक्ति, संगठित संस्था वा अन्य क्षेत्रबाट प्राप्त हुन सक्ने वस्तुगत अनुदानबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने,

(ङ) आयोजना तथा कार्यक्रमको कुल लागतको केही अंश सम्बन्धित क्षेत्रमा रहेका गैर सरकारी संस्थाबाट प्राप्त हुने रकमबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारबाट प्राप्त गर्ने।

५. **समपूरक अनुदान प्रदान नहुने:** कार्यविधिको दफा ३ मा जुनसुकै कुरा उल्लेख भए तापनि देहायका प्रकृतिका आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध गराइने छैनः-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका आयोजना तथा कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका आयोजना तथा कार्यक्रम,

(ग) व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने आयोजना कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालका आयोजना कार्यक्रम,

(छ) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजना/कार्यक्रममा दोहोरो पर्ने गरी माग भएका आयोजना तथा कार्यक्रम,

(ज) ✂...........[१]

६. **आयोजना तथा कार्यक्रम छनौट:**(१) स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको छनौट गर्दा ऐनको दफा ६ को उपदफा (१) बमोजिम स्थानीय तहको आफ्नै स्रोत, नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त समानीकरण, सशर्त र विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम र विगत आर्थिक वर्षमा सम्पन्न भएका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नुपर्नेछ।

(२) आयोजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, दिगोपना, सोबाट लाभान्वित सम्भाव्य जनसंख्या र समुदायको प्रतिशत तथा प्राप्त हुने उपलब्धिको वास्तविक आँकलन लगायतको विश्लेषण गर्नुपर्नेछ।

(३) आयोजना तथा कार्यक्रमको छनौट गर्दा सम्बन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्ने, गरिबी न्यूनीकरणमा सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुने किसिमले छनौट गर्नुपर्नेछ।

७. **माग प्रस्ताव पेश गर्नुपर्ने:** (१) स्थानीय तहले दफा ३ बमोजिमको क्षेत्रको आधारमा माग गरिने आयोजना तथा कार्यक्रमको देहायका विषय खुलाई आयोजनाको घट्दो क्रममा प्राथमिकीकरण

---

✂ १पहिलो संशोधनद्वारा झिकिएको

गरी प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको विद्युतीय प्रणाली +[2]वा मन्त्रालयले तोकेका अन्य माध्यम_ मार्फत् मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्नेछ।

तर आर्थिक वर्ष २०७९/८० को हकमा २०७९ साल बैशाख मसान्तभित्र मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्नेछः-

(क) आयोजना तथा कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) आयोजना तथा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत आयोजना प्रतिवेदन(डि.पि.आर.),

(ग) आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेटको विवरण,

(घ) आयोजना तथा कार्यक्रमवाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कुल लाभान्वित जनसंख्याको अनुपात,

(ङ) आयोजना तथा कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य मापनयोग्य प्रतिफलको विवरण,

(च) आयोजना तथा कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङकन प्रतिवेदन,

(छ) अनुसूची-१ बमोजिमको विवरणसहितको फारम,

(ज) कार्यान्वयन अवधि तीन वर्ष भएका आयोजना तथा कार्यक्रम भएमा प्रत्येक आर्थिक वर्षका लागि आवश्यक पर्ने रकमको विवरण।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदानमा कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा अनुसूची-२ बमोजिमको कार्यान्वयन कार्ययोजना विवरण समेत पेश गर्नुपर्नेछ।

(३) आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट स्वीकृत गराई प्रस्ताव गर्नुपर्नेछ।

[३]**+(३क) आयोजना तथा कार्यक्रमको न्यूनतम कूल लागत कम्तिमा एक करोड भन्दा बढि र अधिकतम कूल लागत दश करोड भन्दा कम भएका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।**

(४) उपदफा(१)बमोजिम समपूरक अनुदानमा माग गरिने आयोजना तथा कार्यक्रम मध्यमकालीन खर्च संरचना (एम.टि.इ.एफ.) तयार गर्दा त्यसमा समावेश गर्नुपर्नेछ।

[२] + पहिलो संशोधनद्वारा थपिएको

[३] + पहिलो संशोधनद्वारा थपिएको

८. **<u>सिफारिस समितिः</u>** (१)स्थानीय तहले प्रस्ताव गरेका आयोजना तथा कार्यक्रमको आवश्यक अध्ययन तथा विश्लेषण गरी स्वीकृतको लागि मन्त्रालयमा सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय — संयोजक

(ख) प्रतिनिधि, प्रदेश योजना आयोग — सदस्य

(ग) प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, मन्त्रालय — सदस्य

(घ) प्रमुख, योजना महाशाखा, विषयगत मन्त्रालय — सदस्य

(ङ) प्रमुख, अनुदान व्यवस्थापन महाशाखा, मन्त्रालय — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकतानुसार विषय विज्ञ वा प्रस्तावसँग सम्बन्धित विषयगत मन्त्रालयको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा आवश्यकतानुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

(५) समितिले प्रस्तावित आयोजना तथा कार्यक्रमको सिफारिस गर्दा यस कार्यविधि र प्रचलित कानूनको प्रतिकूल नहुने गरी मापदण्ड निर्धारण गर्न सक्नेछ।

९. **<u>रकम निकासा प्रक्रियाः</u>** (१)यस कार्यविधि बमोजिम स्थानीय तहलाई समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजना तथा कार्यक्रमको कार्य प्रगतिको आधारमा सालबसाली विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम निकासा हुनेछ।

(२) स्थानीय तहले अघिल्लो किस्ता वापत रकमको भौतिक र वित्तीय प्रगति अनुसूची-३ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ र त्यस्तो प्रगति उपलब्ध नगराएका स्थानीय तहलाई बाँकी किस्ताको रकम हस्तान्तरण गरिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट आयोजना तथा कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति उपलब्ध गराउँदा विद्युतीय प्रणालीमा उल्लेखित विवरणहरु भरी बाँकी किस्ताको रकम माग गर्नुपर्नेछ।

१०. **<u>अनुदान रकम खर्च गर्ने विधि तथा प्रक्रियाः</u>** (१) स्थानीय तहले समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रियाअपनाउनु पर्नेछः-

(क) समपूरक अनुदान रकम जुन आयोजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही आयोजना तथा कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ,

(ख) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान आफ्नो बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ,

(ग) समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून तथा सार्वजनिक खरिद सम्बन्धी कानूनका साथै प्रचलित अन्य कानूनी व्यवस्थाहरुको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नुपर्नेछ,

(घ) समपूरक अनुदानबाट प्राप्त रकम अन्य खर्च शीर्षकहरुमा रकमान्तर गर्न पाइने छैन,

(ङ) समपूरक अनुदानको रकमवाट तलब भत्ता, मर्मत संभार,मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा लगायतमा खर्च गर्न पाइने छैन,

(च) समपूरक अनुदानबाट प्राप्त रकम आयोजना एवम् कार्यक्रम सम्पन्न गर्नुपर्ने तोकिएको समयावधिभित्र खर्च गर्नुपर्नेछ,

(छ) समपूरक अनुदानबाट प्राप्त रकमको प्रचलित कानून बमोजिम लेखा राखी समयमै आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रम लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेको देखिएमा प्रदेश सरकारले त्यस्ता अनुदान बापत उपलव्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सकिनेछ।

(३) चालु आर्थिक वर्षमा कुनै कारणवश निकासा भएको अनुदान रकम खर्च हुन नसकेमा त्यस्तो रकम आषाढ मसान्तभित्रमा प्रदेश सरकारको संचित कोषमा दाखिला गर्नुपर्नेछ।

११. **<u>आयोजना तथा कार्यक्रम समयमा सम्पन्न गर्नुपर्ने:</u>** (१)समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रम तोकिएको समयावधि भित्र सम्पन्न गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

१२. **<u>आयोजना तथा कार्यक्रमको सञ्चालन र कार्यान्वयन:</u>** (१) स्थानीय तहले आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सोको पारदर्शिताका साथै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) आयोजना तथा कार्यक्रमको ठेक्का प्रक्रिया सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

(३) आयोजना तथा कार्यक्रमको गुणस्तरका सम्बन्धमा मन्त्रालयले छानविन गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(४) प्रचलित कानून बमोजिम आयोजना तथा कार्यक्रमको भेरिएसन भई लागत बढ्न गएमा बढेको रकमको दायित्व स्थानीय तहले व्यहोर्नु पर्नेछ।

(५) समपूरक अनुदानमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रममा कन्टिन्जेन्सी वापत लागतको तीन प्रतिशतभन्दा बढी राख्न पाइने छैन।

१३. **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१)समपूरक अनुदानवाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित रुपमा अनुगमन गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष समेत पेश गर्नुपर्नेछ।

(२) समपूरक अनुदानबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमाभित्र भए नभएको सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(३) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरी सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्न सम्बन्धित स्थानीय तहमा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष | संयोजक |
| (ख) | आयोजना सञ्चालित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) | योजना शाखाको प्राविधिक प्रमुख | सदस्य |

(४) समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहको एक वडा भन्दा बढी कार्यक्षेत्र भएमा त्यस्ता वडाका वडा अध्यक्ष समेतलाई उपदफा (३) बमोजिमको अनुगमन समितिमा समावेश गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिमको अनुगमन समितिले अनुगमन गरी अनुसूची-४ मा तोकिएको ढाँचामा सम्बन्धित स्थानीय तह मार्फत मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

१४. **समपूरक अनुदान रोक्का हुन सक्ने:** (१)स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदानको रकम देहायको अवस्थामा मन्त्रालयले रोक्का गर्न सक्नेछः-

(क) स्थानीय तहबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको दफा १३ को उपदफा (५)बमोजिम अनुगमन प्रतिवेदन पेश नगरेमा,

(ख) आयोजना तथा कार्यक्रम तोकिएको समयावधिभित्र कार्य सम्पन्न नगरेमा,

(ग) सम्पन्न भएको आयोजना तथा कार्यक्रम तोकिए बमोजिमको गुणस्तर नभएमा।

(२) उपदफा (१) बमोजिमको परिस्थिति सिर्जना भई अनुदान रकम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधिभित्र आवश्यक विवरण पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न

गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा मन्त्रालयले त्यस्तो रोक्का अनुदान रकम फुकुवा गर्न सक्नेछ।

**१५. <u>एकीकृत विद्युतीय प्रणालीको प्रयोग गर्न सक्नेः</u>** (१) मन्त्रालयले यस कार्यविधि तथा प्रचलित कानून बमोजिम स्थानीय तहलाई प्रदान गरिने समपूरक अनुदानका आयोजना तथा कार्यक्रमको प्रस्ताव, छनौट, स्वीकृति, वित्तीय हस्तान्तरण तथा प्रगति प्रतिवेदन लगायतका सम्पूर्ण कार्य गर्न एकीकृत विद्युतीय प्रणालीको प्रयोग गर्न सक्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको कार्यलाई सहजीकरण गर्न एकीकृत विद्युतीय प्रणालीमा आधारित प्रयोगकर्ता निर्देशिका (युजर म्यानुअल) बनाउन सक्नेछ।

(३) स्थानीय तहले उपदफा (१) बमोजिमको एकीकृत विद्युतीय प्रणालीको प्रयोग गर्नुपर्नेछ।

**१६. <u>अनुसूचीमा हेरफेरः</u>** यस कार्यविधिमा उल्लिखित अनुसूचीमा मन्त्रालयले आवश्यक हेरफेर गर्न सक्नेछ।

**१७. <u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१८. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषयमा सोही बमोजिम हुनेछ।

**१९. <u>खारेजी र बचाउ</u>**ः (१)प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५बमोजिम भए गरेका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
## (दफा ७ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)
## समपूरक अनुदान माग गर्ने ढाँचा

१. अनुदान माग गर्ने स्थानीय तहको नामः
२. ठेगानाः
३. सम्पर्क फोन/फ्याक्स / इमेलः
४. आयोजना/कार्यक्रमको नामः
५. आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने स्थानः
६. आयोजना/कार्यक्रमको अनुमानित कुल लागतः
७. आयोजना / कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसंख्याः
८. आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित समयः
९. [४]✂.........................................
१०. आयोजना कार्यक्रमको कुल लागतमा स्थानीय तहको लगानीको हिस्सा र रकमः
(क) स्थानीय तहबाट रु. (ख) [५]✂........................... (ग) संघ, संस्था तथा अन्यबाट रु.
११. आयोजना कार्यक्रम कार्यान्वयनमा निजी क्षेत्र सहकारी तथा अन्य गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात र रकमः
१२. प्रदेश सरकारले समपूरक अनुदान मार्फत व्यहोर्ने प्रस्तावित रकमः

**संलग्न आवश्यक कागजातहरु:**

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी प्रतिवेदन संलग्न
छ ☐ छैन ☐

(ख) आयोजना/कार्यक्रमको नक्शा, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण संलग्न
छ ☐ छैन ☐

(ग) स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि संलग्न
छ ☐ छैन ☐

(घ) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित संलग्न
छ ☐ छैन ☐

(ङ) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको वातावरणीय प्रतिवेदन संलग्न
छ ☐ छैन ☐

(च) आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने समयावधि सहितको कार्ययोजना
छ ☐ छैन ☐

(छ) संलग्न मन्त्रालयले तोकेका अन्य विवरण कागजातहरु संलग्न
छ ☐ छैन ☐

प्रमुख प्रशासकीय अधिकृतको
दस्तखतः
पदः
मितिः

[४] ✂पहिलो संशोधनद्वारा झिकिएको
[५]✂पहिलो संशोधनद्वारा झिकिएको

# अनुसूची-२

## (दफा ७ को उपदफा (२)सँग सम्बन्धित)

## <u>कार्ययोजनाको ढाँचा</u>

आयोजना / कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नः

| क्र. सं | आयोजना / कार्यक्रमको नाम | प्रस्तावित बजेट | | कार्यान्वयन समय | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | प्रथम चौमासिक | | | | दोश्रो चौमासिक | | | | तेश्रो चौमासिक | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

१. लागत अनुमान तयारी तथा स्वीकृति

२. विस्तृत परियोजना विवरण (डी. पी. आर.) स्वीकृत गर्ने

३. खरिद तथा सम्झौता व्यवस्थापन गर्ने

४. निर्माण कार्य सञ्चालन तथा अनुगमन गर्ने

**<u>नोट</u>**ः माथि दिइएका संकेतहरुमध्ये कुन चौमासिकमा कुन कार्य गर्ने हो, सोही अनुसार उपयुक्त संकेतीकरण गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृतको

दस्तखतः

पदः

मितिः

## अनुसूची-३

**(दफा ९ को उपदफा (२) र दफा १३ को उपदफा (१) सँग सम्बन्धित)**

**स्थानीय तहले पठाउने प्रगति प्रतिवेदनको ढाँचा**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नः-

| क्र.सं. | आयोजना/ कार्यक्रमको नाम | आयोजना/ कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ......अवधिको लक्ष्य | | .......अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्थ अवस्थाः

(ख) समस्या समाधानका लागि गरिएको प्रयासः

(ग) सुझाव / सिफारिसः

..............
तयार गर्ने

.................................
अनुगमन समितिको संयोजक

## अनुसूची- ४
**(दफा १३ को उपदफा (५) सँग सम्बन्धित)**

**अनुगमन समितिले पेश गर्ने प्रतिवेदनको ढाँचा**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नः

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | आयोजना/कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ......अवधिको लक्ष्य | | .......अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्थ अवस्थाः

(ख) समस्या समाधानका लागि गरिएको प्रयासः

(ग) सुझाव / सिफारिसः

(अनुगमन तथा मूल्याङ्कन समितिलाई यसका अतिरिक्त थप विवरण पेश गर्न आवश्यक लागेमा यो ढाँचा भरी उक्त विवरण समेत संलग्न राखी प्रदेश सरकार समक्ष प्रतिवेदन गर्न सक्नेछ।)

............ ............................

तयार गर्ने अनुगमन समितिको संयोजक